**आगामी दिनको कार्यदिशा**

- **Landfill site:** फोहोर व्यवस्थापन शहरको एक अभिन्न अङ्ग हो र आगामी आ.व. हरूमा यसका लागी नेपाल सरकारबाट रकम विनियोजित भएमा यस बसन्तपुर बजार क्षेत्र वरिपरिका फोहरमैलाहरु व्यवस्थित गर्न Landfill क्षेत्रमा बाँकी रहेका पूर्वाधारहरु निर्माण गर्ने ।
- **Cold Store:** तरकारी तथा फलफूल उत्पादनमा यस क्षेत्र अब्बल रहेको हुँदा Cold Store निर्माण गरी किसानहरुको आम्दानीको स्रोत बढाउने । हाल नगरपालिकाले रसायनिक मलमा प्रतिबन्ध लगाइकोले अर्गानिक खेतीलाई प्रोत्साहन गर्न Cold store आवश्यक देखिन्छ ।
- **Ring Road:** रिङ रोड १० कि.मी. वैकल्पिक बाटोको रुपमा रहेको बसन्तपुर- चम्फुला- दाँगापा-सिंथापा-मंगलबारे- सोल्मा-काँडे सडक खण्डको निर्माण कार्य गरी भविष्यमा त्यस क्षेत्रभित्रको कृषि उत्पादनका साथसाथै यातायात सहज भई बसन्तपुर बजारको दैनिक गतिविधि बढ्ने देखिन्छ ।
- **खेलमैदान:** लालीगुराँस नगरपालिकाको बसन्तपुर बजारको हाताभित्र रहेको खेलमैदान ''राष्ट्रका लागी खेलकुद र स्वास्थ्यका लागी खेलकुद'' भन्ने नाराका साथ यहाँका जनताहरु स्वस्थ, स्फुर्ति र तन्दुरुस्त रहनका साथै स्थानीय नगर, जिल्ला र राष्ट्रका लागी उत्कृष्ट खेलाडीहरु उत्पादन गर्नका आवश्यक रहेको देखिन्छ।
- **बसपार्क:** बसन्तपुर बजार पर्यटकीय क्षेत्र भएकाले व्यवस्थित बसपार्क नभएका कारण यातायातको बढी चाप हुने हुँदा पार्किङमा समस्या रहेको छ । बसपार्क निर्माण भए यातायातको चाप हुँदा पार्किङमा सहजता हुने देखिन्छ ।
- **शिक्षा क्षेत्र:** लालीगुराँस नगरपालिकाको बालबालिकाहरु राम्रो र उच्च शिक्षा हासिल गर्न यस ठाउँबाट अन्यत्र जाने हुँदा यहाँ विद्यालय, कलेज स्थापनाको लागी थप कार्य गर्नु पर्ने देखिन्छ ।
- **स्वास्थ्य क्षेत्र:** लालीगुराँस नगरपालिका भित्रका विपन्न, गरिब जनताहरु सामान्य उपचार स्वास्थ्य सेवा लिन बाहिर जानु पर्ने हुँदा आर्थिक पहुँचमा समस्या भएकोले राम्रो हस्पिटल व्यवस्थापन भएर यहाँ नै उपचार गर्न सहजता हुने देखिन्छ ।